तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश नेपाल
तानसेन, पाल्पा
२०७३

०७५-५२०१०१,५२०९३,५२०१०१,५२
info@tansenmun.gov.np
ito. tansenmun@gmail.com

प .स.: २०८३/०८४
च.नं.

मिति : २०८३।०६।१२

## बाँझो जग्गामा उत्पादन कार्यक्रम सम्बन्धी सूचना ।

तानसेन नगरपालिकाको आ.व.२०८३/०८४ को वार्षिक स्वीकृत **बाँझो जग्गामा उत्पादन कार्यक्रम** अन्तर्गत फलफूल/तरकारी/मसलाबाली/अन्नबाली/दलहनबाली तथा व्यावसायिक पुष्पखेतीको माध्यमबाट बाँझोजग्गा व्यवस्थापन गर्ने कार्यक्रम रहेको हुँदा कम्तीमा १ रोपनी र बढीमा २० रोपनी बाँझो जग्गामा खेती गर्न ईच्छुक तानसेन नगरपालिका अन्तर्गतका कृषकहरुलाई दरखास्त आव्हानको लागि यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले **१५ दिन** (मिति: २०८३।०६।२६ गते भित्र) तोकिएको ढाँचा अनुसारको आवेदन फारम भरी तानसेन नगरपालिका कृषि विकास शाखामा दरखास्त दिनुहुन अनुरोध छ । तोकिएको समयावधि भित्र रितपूर्वक प्राप्त भएका आवेदनहरुलाई छनौट तथा अनुगमन मूल्याङ्कन समितिको सिफारिस अनुसार काम सम्पन्न भएपछि प्रति रोपनी रु. ५०००।-(अक्षरुपी रु. पाँच हजार मात्र) का दरले अनुदान उपलब्ध गराइनेछ ।

आवेदनका साथ संलग्न गनुपर्ने कागजातहरु :

(क) अनुसूची १ बमोजिमको फारम ।
(ख) जग्गा धनिपूर्जाको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, जग्गाको भूमि कर तिरेको प्रमाण ।
(ग) जग्गा भाडामा लिई बाँझो भएको हकमा कम्तिमा ५ वर्षको लागि भएको सम्झौताको कागजात ।
(घ) विगत ३ वर्षदेखि खेती नगरी बाँझो रहेको खुल्ने स्थलगत सार्वजनिक मुचुल्का ।
(ङ) संस्थाको हकमा संस्था दर्ता तथा नविकरणको प्रतिलिपि, पछिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र र व्यवसाय इजाजत पत्रको प्रतिलिपि ।

..............
चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner